प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्राल
पशुपन्छी तथा मत्स्य विकास निर्देशनाल
प्रदेश नं. १

फोन नं. ०२६-५२२२८३
इमेल: vhlsdhankuta@gmail.com

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
# धनकुटा

सुचना नं. ५/२०७८-७९

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७८/०५/२२**

**दरखास्त दिने अन्तिम मिति २०७८/०६/०५**

यस विज्ञ केन्द्रको आ.व. २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि सम्वन्धित कार्यक्रम संचालन निर्देशिका/कार्यविधि २०७६ मा तोकिए बमोजिम सर्तहरू पालना गरी लागत साझेदारीमा संचालन गर्न ईच्छुक धनकुटा जिल्लाका आवेदकहरूबाट प्रथम पटक मिति २०७८/०४/२४ मा प्रकाशित सूचना अनुसार तपशिलको कार्यक्रममा कुनै पनि आवेदन नपरेको हुँदा पुन १५ औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८३ र सम्पर्क व्यक्ति पुष्पराज दाहालको मोवाइल नं. ९८५२०५०६३२ मा सम्पर्क राख्न र भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेभसाईट www.molmac.p1.gov.np वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको वेभसाईट www.dolfd.p1.gov.np बाट **"कृषि व्यवसाय प्रवर्दन अनुदान कार्यविधि २०७६"** डाउनलोड गर्न सकिने छ ।

### धनकुटा जिल्ला तर्फको कार्यक्रम विवरण

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिकतम साझेदारी रकम रू.(प्रति ईकाइ) | प्रस्ताव पेश गर्न सक्ने साझेदारहरू | आवेदन दस्तुर | कार्यविधीको अनुसुची |
|---|---|---|---|---|---|---|---|
| १ | सहकारी संस्था मार्फत कृत्रिम गर्भाधान प्रवर्द्धन कार्यक्रम | संख्या | १ | कुल लागतको ७५% वा वढीमा ५ लाख प्रति इकाई | सहकारी संस्थाहरु | २००। | अनुसुची ४ कार्यक्रम ९४ |

**प्रस्ताव साथ सम्मिलित हुनु पर्ने कागजातहरू:**

१. रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।
२. आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३. कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना ।
४. कार्यक्रम कार्यान्वयन स्थलको स्वामित्व जग्गाको धनिपुर्जा प्रतिलिपी, तिरो तिरेको रसिद र नक्सा।
५. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको आधिकारिक करारनामा सम्झौता पत्र र मालपोत तिरेको रसिद।
६. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म/संस्था/व्यवसाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
७. सहकारीको कार्य समितिको निर्णयको प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी ।
८. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी।
९. लागत साझेदारी गर्ने प्रतिवद्दता पत्र ।
१०. विगत ३ बर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र ।
११. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।

डा.देव कुमार दर्लामी
पशु चिकित्सक
नि.प्रमुख

**नोट: व्यवसायिक प्रस्ताव योजनाको नमुना सम्वन्धित कार्यालयबाटै उपलब्ध गराईनेछ ।**